# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १९] काठमाडौं, फागुन २५ गते २०२६ साल [अतिरिक्ताङ्क ४७ + ख

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२६ सालको ऐन नं. १९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर-विजयिनाम् । 337

## केही नेपाल ऐनहरूलाइ संशोधन गर्न बनेको ऐन

प्रस्तावना–:– केही नेपाल ऐनहरूलाइ संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "केही नेपाल ऐन (संशोधन) ऐन, २०२६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. गाउँ पञ्चायत ऐन, २०१८ मा संशोधनः– गाउँ पञ्चायत ऐन, २०१८ को दफा १८ को उप-दफा (१५) को आखिरमा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

तर, यस उप-दफामा लेखिएका कुराहरू यो उप-दफा प्रारम्भ भएपछि निर्वाचित प्रधान पञ्च, उप-प्रधान पञ्च र सदस्यहरूको सम्बन्धमा मात्र लागू हुनेछ ।

३. नगर पञ्चायत ऐन, २०१९ मा संशोधनः– नगर पञ्चायत ऐन, २०१९ को दफा ९ को उप-दफा (४) को आखिरमा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

तर, यस उप-दफामा लेखिएका कुराहरू यो उप-दफा प्रारम्भ भएपछि निर्वाचित प्रधान पञ्च, उप-प्रधान पञ्च र सदस्यहरूका सम्बन्धमा मात्र लागू हुनेछ ।

४. जिल्ला पञ्चायत ऐन, २०१९ मा संशोधनः– जिल्ला पञ्चायत ऐन, २०१९ को दफा १५ को उप-दफा (६) को आखिरमा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

तर, यस उप-दफामा लेखिएका कुराहरू यो उप-दफा प्रारम्भ भएपछि निर्वाचित सभापति, उप-सभापति र सदस्यहरूको सम्बन्धमा मात्र लागू हुनेछ ।

५. पदावधि जगाएको नमानिनेः– यस ऐनमा लेखिएको कुनै कुराले यस ऐन प्रारम्भ हुनुभन्दा अघि पदावधि समाप्त भएका गाउँ पञ्चायत तथा नगर पञ्चायतका प्रधान पञ्च, उप-प्रधान पञ्च एवं सदस्यहरू र जिल्ला पञ्चायतका सभापति, उप-सभापति एवं सदस्यहरूको पदावधि जगाएको मानिने छैन ।

६. केही नेपाल ऐन (संशोधन) अध्यादेश, २०२६ निष्क्रय भएपछि त्यसको परिणामः– केही नेपाल ऐन (संशोधन) अध्यादेश, २०२६ निष्क्रय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रयताले:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) निष्क्रय हुँदाको बखत कायम नरहेको कुनै कुरालाई जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगी सकेको कुनै सजायँलाई असर पार्ने छैन ।

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन, र

(घ) माथि लेखिएका कुनै त्यस्तो हक,सुविधा, कर्तव्य र दायित्वका सम्बन्धमा गरिएको कुनै कानूनी कारवाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाही वा उपायलाई शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

लालमोहर सदर मितिः– २०२६।११।२५।१

आज्ञाले–
रमानन्दप्रसाद सिंह
श्री ५ को सरकारको सचिव ।

336

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।